# नदीजन्य सामाग्री ढुङ्गा, गिट्टी, बालुवा, रोडा आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र

**असोज , २०८२**

कालीगण्डकी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा।

**नदीजन्य समाग्री ढुङ्गा, गिट्टी, बालुवा, रोडा (दहत्तर बहत्तर) आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र पत्र आह्वानको सूचना !**

(दोस्रो पटक प्रकाशित मितिः २०८२/०६/३१)

यस गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३, दफा ११ (घ) ६ बमोजिम चालु आ.व. २०८२/०८३ का लागि तपशिल बमोजिमको नदीजन्य पदार्थ (घाटगद्धी) ढुङ्गा, गिट्टी, बालुवा, रोडाको आय संकलन ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी देहाय बमोजिमको मिति र समय भित्र यस कार्यालयको नाममा प्राईम कमर्सियल बैंकको कालिगण्डकी शाखामा रहेको खाता नं. ०६७०१००००००१८७०१२७ मा तोकिएको रकम बुझाई बोलपत्र फाराम कालिगण्डकी गाउँपालिकाको कार्यालयबाट खरिद गरी मु.अ. कर र अग्रिम आयकर सहितको कुल कबोल रकमको पाँच प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेको प्राईम कमर्सियल बैंक कालिगण्डकी शाखामा रहेको खाता नं.. ०६७०१०००००००२०२००१३२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा ९० दिन म्याद भएको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारि गरेको बैंक जमानत (बिड वण्ड) संलग्न राखी यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

आवश्यक कागजातहरुः

१. फर्म दर्ताको प्रमाणित प्रतिलिपी
२. ठेक्काको कार्य गर्न जारी / नविकरण भएको इजाजत पत्रको प्रमाणित प्रतिलिपी
३. मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
४. आर्थिक वर्ष २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

| ठेक्का न | वडा | बगर | उत्खनन गर्न सकिने अधिकतम परिमाण ( घन मि) | न्युनतम रकम कर बाहेक (रु) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| KLGD/GHAT/NCB/01/082/83 | १ | अर्गेली शिशाखोला कालीमाटी घाट | 1,696.06 | 480,513.14 | 3,000 |
| KLGD/GHAT/NCB/02/082/83 | १ | बसेनी घाट | 1,696.52 | 480,642.05 | 3,000 |
| KLGD/GHAT/NCB/03/082/083 | १ | प्युघा घाट | 1,368.96 | 387,841.41 | 3,000 |
| KLGD/GHAT/NCB/05/082/83 | १ | सेरा फाँट | 2,470.95 | 700,049.16 | 3,000 |
| KLGD/GHAT/NCB/06/082/83 | २ | बग्दी घाट | 2,547.10 | 721,621.77 | 3,000 |
| KLGD/GHAT/NCB/07/082/83 | २ | छम्तुंग घाट | 2,112.26 | 598,426.21 | 3,000 |
| KLGD/GHAT/NCB/08/082/83 | ३ | छोडुवा घाट | 2,763.78 | 783,010.96 | 3,000 |
| KLGD/GHAT/NCB/09/082/83 | ३ | दैलातुङ्ग घाट | 905.15 | 256,439.32 | 3,000 |
| KLGD/GHAT/NCB/10/082/83 | ३ | छाम्तुंग घाट | 1,048.25 | 296,981.18 | 3,000 |
| KLGD/GHAT/NCB/11/082/83 | ३ | दिवल घाट | 12,081.44 | 3,422,809.73 | 3,000 |
| KLGD/GHAT/NCB/13/082/83 | ३ | काब्रे घाट | 1,274.62 | 361,114.38 | 3,000 |
| KLGD/GHAT/NCB/14/082/83 | ५ | काप घाट | 1,021.68 | 289,453.60 | 3,000 |
| KLGD/GHAT/NCB/16/082/83 | ५ | बेल्टारी घाँट | 2,848.47 | 807,005.17 | 3,000 |
| KLGD/GHAT/NCB/17/082/83 | ७ | आँधीखोला, कालीगण्डकी आँधीमुहान | 1,116.70 | 316,372.71 | 3,000 |

**शर्तहरु तथा बन्देजहरू**

१. टेण्डर फाराम खरिद गर्ने मिति, समय र स्थान- दर्तावाला फर्महरूले उल्लेखित प्याकेजका टेण्डर फाराम खरिद गर्ने अन्तिम मिति यो सूचना प्रकाशित मितिले १५ दिन भित्र वा मिति २०८२/०७/१६ गते १२ बजे भित्र कार्यालय समयमा बोलपत्र दस्तुर प्राईम कमर्सियल बैंक, कालिगण्डकी शाखामा रहेको यस कार्यालयको राजश्व खातामा जम्मा गरि कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराम दाखिला गर्ने र खोल्ने मिति, समय र स्थान-मिति २०८२/०७/१६ गते दिउँसो १२ बजे भित्र कालिगण्डकी गाउँपालिका कार्यपालिकाको कार्यालयमा पेश गर्न सकिनेछ। तोकिएको समय भित्र दर्ता भएका बोलपत्रहरू मिति २०८२/०७/१६ गते दिउँसो १ बजे कालिगण्डकी गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ।दर्ता भएका बोलपत्रहरू बोलपत्रदाता वा निजको रोहवरमा खोलिने छ। बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. ठेकेदार र गाउँपालिका विच ठेक्का शर्तहरूका सम्बन्धमा कुनै विवाद उठेमा कालिगण्डकी गाउँपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन। बोलपत्र स्वीकृत भइ सम्झौता हुँदा वातावरण संरक्षण ऐन नियमावली लगायत प्रचलित ऐन नियमानुसारका शर्त तथा बन्देज पालना गर्नुपर्नेछ।

४. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टी बाट १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

५. नदी किनार तथा आसपासका वनस्पति र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग सहायक लोकमार्गका दायाँ बायाँ निषेधित स्थान बाहेक तोकिएको स्थानबाट मात्र नदीको वहाव परिवर्तन नहुने गरि सुर्योदय देखि सुर्यास्त सम्ममा नदीजन्य पदार्थ झिक्न पाईनेछ। हावा चलेको बेलामा पानी चुहिने गरि धुलो उड्ने गरि ओभरलोड हुने गरि ढुवानी गर्न पाईने छैन।

६. पुल, कजवे तथा कल्भटकाबाट दुवै तर्फका सडकमा पर्ने पुलहरूको २०० मि. अपस्ट्रिम ५०० मि. डाउन स्ट्रिम सम्म र खोला बहाव किनारबाट ५ मि. को क्षेत्रमा ढुङ्गा, रोडा, गिट्टी र बालुवा निकाल्न पाइने छैन।

७. घाटसम्म जाने बाटोको निकास आँफै व्यवस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ।

८. नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक लोकमार्गलाई असर पर्ने गरि सडक निर्माण गर्न पाइने छैन र असर नपर्ने गरि निर्माण गर्नुपरेमा निर्माण गर्दा लाग्ने खर्च बोलपत्रदाता स्वयंले व्यहोर्नुपर्नेछ। ढुङ्गा, रोडा, गिट्टी र बालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ।

९. ढुङ्गा, रोडा, गिट्टी र बालुवा समेतको कारोबार गर्दा बालश्रमको प्रयोग निषेध गरिएको छ।वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाइनेछैन। मजदुरको ज्यालाको हकमा जिल्ला दररेटमा कम नहुने गरी ज्याला दिनुपर्नेछ।

१०. नदि, खोला, वगर एवं सार्वजनिक आवागमनमा बाधा हुने गरी संकलित मालबस्तु जम्मा गर्न पाईने छैन।

११.बोलपत्रका सम्बन्धमा थप केही बुझ्नपरेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।साथै विस्तृत विवरण वोल पत्र फाराम साथ उपलब्ध गराइनेछ।

१२.आ.व. २०८२/०८३ का केही महिना नेपाल सरकारको निर्णयले घाट बन्द भएमा कार्यसमयावधि सोही बमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोही समयावधिमा विक्री गर्नुपर्नेछ। त्यसका लागि बोलपत्रदाताले कुनै क्षतिपुर्ति वा हर्जनाको माग गर्न पाउने छैन।

१३.अनुगमन समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा ठेकेदार आँफैले संकलित सामाग्रीको घाटगद्धी गरेर मात्र विक्री वितरणको व्यवस्था मिलाउनुपर्नेछ। घाटगद्धी गर्दा लाग्ने खर्च ठेकेदार स्वयंले नै व्यहोर्नुपर्नेछ।

१४.बोलपत्रदाताले आफुले निकासी गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ।

१५. स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरू पालना गर्नुपर्ने शर्तहरू, जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरू, प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक श्रोत ढुङ्गा, रोडा, गिट्टी र बालुवाको परिमाण समेतका विषयहरू सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन् तिनको पालना गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ।

१६. उल्लेखित न्यूनतम रकम मु.अ.कर र अग्रिम आयकर समेत जोडी दाखिला गर्नुपर्नेछ।

१७. बोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्टलाई अन्तिम दिन मानिनेछ।

१८.बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ। कार्यालयले आवश्यक नठानेमा जुनसुकै चरणमा पनि आंशिक वा पुरै बोलपत्र प्रकृया रद्द गर्न सक्नेछ।

१९.माथि उल्लेखित नभएका र बाँझिएका शर्तहरु नेपाल सरकारबाट जारी भएको ढुङ्गा, रोडा, गिट्टी र बालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ र प्रचलित कानून बमोजिम हुनेछ। नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले समय समयमा दिएका निर्देशनहरू पालन गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ।

# Bid Data Sheet

| | |
|---|---|
| **A. General** | |
| ` | The Employer is:<br>Kaligandaki Rural Municipality<br>Office of Rural Municipal Executive<br>Birgha, Syangja |
| | |
| | For Clarification purpose only,the Empioyer's address is: |
| | Attention: **Parshu Ram Upadhyaya** |
| | Address: Kaligandaki RM,office of Rural Municipal Executive, Birgha, Syangja |
| | Telephone:**985600070** |
| | Electronic Mail: kaligandakiruralmunicipality@gmail.com |
| **B. Preparation of Bids** | |
| | The language of the bid is English/ Nepal |
| | The bid validity period shall be ***Ninety Days (90) days*** |
| | Deposit amount shall be :**5%** ***of Quoted Amount (Including VAT and income Tax)*** |
| | **Bid Security Deposit Account**<br><br>Name of Office:Kaligandaki Rural Municipality<br>Bank Name : Prime commercial Bank<br>Limited Bank Address: Mirmi-7, Syangja<br>Account number:<br>06701000000020200132<br><br>**Bid Document Fee Payment Account**<br>Name of Office:Kaligandaki Rural Municipality<br>Bank Name : Prime commercial Bank<br>Limited Bank Address: Mirmi-7, Syangja<br>Account number: 0670100000001870127 |
| **D.Submission and Opening of Bids** | |
| | For bid submission purposes only,the Employer's address is:<br>Attention:***Cheif Administrative Officer***<br>Address :Kaligandaki RM, Office of Rural Municipal Executive The deadline for bid Submission is:<br>Date:2082/07/16<br>Time:**12:00 Noon** |
| | The bid opening shall take place at:<br>Address : Kaligandaki RM, Office of Rural Municipal Executive Date:2082/07/16<br>Time:**13:00** |